सकेसम्म स्वदेशमै रोजगारी गरौं, विदेश जाने नै भए शिप तालिम लिएर मात्र जाऔं ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १०९ ○श्रेणी 'क' ○२०७२ माघ ६ गते बुधबार ○ 20 Jan. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाई रोगमुक्त राखुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुलुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१७२२१६

पश्चिमाञ्चलको अर्धवार्षिक प्रगति समीक्षा गोष्ठी पोखरामा

नवनिर्माण अभियानले देश संवृद्ध-थापा

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ माघ ।

नेपाल सरकारका उप-प्रधानमन्त्री कमल थापाले भूकम्पबाट अस्तिएस संरचनाको पुनःनिर्माण राष्ट्र निर्माणको अभियान भएको बताएका छन् । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले पोखरामा आयोजना गरेको पश्चिमाञ्चल क्षेत्रको आव २०७२/०७३ को अर्धवार्षिक प्रगति समीक्षा गोष्ठीको मंगलवार उद्घाटन गर्दै उनले नवनिर्माण अभियान चलाएर देशलाई समृद्ध बनाउनुपर्नेमा जोड दिए । उनले भूकम्पले जनधनको अतिनै सांस्कृतिक, पुरातात्विक संरचना पनि ध्वस्त भएको भन्दै भूकम्पले दिएको पीडालाई भुलेर, अवसरका रुपमा लिनुपर्ने बताए ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्री समेत रहेका थापाले स्थानीय निकायको निर्वाचन छिटै हुने बताएका छन् । थापाले स्थानीय निकायको निर्वाचन छिटै हुने भन्दै स्थानीय निकायका प्रमुखहरुलाई तयार रहन निर्देशन दिए । उनले निर्वाचनबाट आउने जनप्रतिनिधि लाई सशक्त र सबलरुपमा स्थानीय निकाय हस्तान्तरणका लागि तयारी गर्न निर्देशन दिए । उनले भने- 'जनप्रतिनिधि आउँदा आफ्नो जिम्मेवारी सहजरुपमा सञ्चालन गर्न सक्ने गरी स्थानीय निकायको व्यवस्थापकीय र कार्यक्रम तयार गर्नु होस्,' उपप्रम थापाले भने,- 'मन्त्रालयले नयां कार्यक्रम सहित आउँदै छ ।' 'कुल बजेटको ८० अर्ब रुपैयां खर्च गर्ने जिम्मेवारी स्थानीय विकास मन्त्रालयको छ',उनले भने -'जिविस, नगरपालिका र गाविसलाई आफ्नो जिम्मेवारी पुरा गरी लक्ष्य प्राप्तिमा योगदान दिन आग्रह गर्छु ।' जनप्रतिनिधि विहीन भएको अवस्थामा स्थानीय निकायको सफलतापूर्वक जिम्मेवारी निर्वाह गरेको भन्दै उनले कर्मचारीको प्रशंसा गरे । अर्को प्रसङ्गमा उपप्रम थापाले संविधानका केही कमजोरी भए पनि देश नयां चरणमा प्रवेश गरेको भन्दै अब आर्थिक विकास र सुशासनलाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्नेमा जोड दिए । सशस्त्र द्वन्द्व र राजनीतिक संक्रमणकालका नाममा २ दशक समय त्यसै खेर गएको भन्दै उनले अब आर्थिक विकास, सुशासन र आर्थिक समृद्धि प्राथमिकतामा राखेर बढ्नुपर्नेमा जोड दिए । कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा. सुमित्रा अमात्यले अबको अर्थतन्त्र डिजिटल अर्थतन्त्र हुनु पर्ने बताइए । उनले स्थानीय निकायले उर्जा र जलविद्युतमा विशेष प्राथमिकताका योजना अगाडि बढाउनु पर्ने बताइए ।

कार्यक्रममा स्थानीय विकास मन्त्रालयका सचिव माधव प्रसाद रेग्मी, उपसचिव अमृत लम्साल लगायतले कार्यक्रमका बारेमा प्रस्ट पारेका थिए । गोष्ठीमा पश्चिमाञ्चलका १५ जिल्लाका स्थानीय विकास अधिकारी, प्राविधिक कार्यालयका इन्जिनियर, नगरपालिकाका कार्यकारी प्रमुखहरुको सहभागिता छ । गोष्ठी माघ ८ गतेसम्म चल्ने बताइएछ ।

मधेसवादी दलहरुद्वारा संसद्को बैठक बहिस्कार

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ५ माघ ।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासंग आवद्ध मधेसवादी दलले व्यवस्थापिका-संसद्को मंगलबारको बैठक बहिस्कार गरेको छ ।

बैठक सुरु भएको घोषणा हुनासाथ मोर्चासंग आवद्ध दलका सांसदहरूले आ-आफ्नो स्थानबाट उभिएर विरोध जनाएका थिए । लगभग त्यसै समयमा मोर्चासंगै घतीले मोर्चासंग आवद्ध राजनीतिक घटक सदभावना पार्टीका नेता एवम् सांसद लक्ष्मणलाल कर्णलाई भनाइ राख्नको लागि समय प्रदान गरेका थिए ।

त्यसपछि बैठकमा लक्ष्मणलाल कर्णले प्रमुख राजनीतिक दल र सरकारले संसद्लाई औचित्यहीन बनाउनुका साथै संसद् र मुलकृपति संवेदनशील नदेखिएको आरोप लगाउँदै मोर्चाको तर्फबाट संसदको बैठक बहिस्कार गरेको घोषणा गरे ।

उनको बहिस्कारको घोषणालगतै मोर्चासंग आवद्ध राजनीतिक दलका सांसद बैठकबाट बाहिरिएका थिए । बहिस्कार अघि बैठकमा सांसद कर्णले संसद्को बैठक र कामकारबाही नियमितरुप रुपमा अघि बढ्न् भन्ने भावना आफूहरूले राखे पनि सरकारले मधेसे आन्दोलन दुइवर्षयउन र वार्तालाई परिणाममुखी बनाउन ध्यान नदिएको आरोप लगाए । उनले भने -'सरकारको काम कारवाहीले देश असफलतिर उन्मुख हुन गइरहको छ, हामीले खोसिएको अधिकारलाई संविधान संशोधन गरेर राखियोस् भनेर महिनौदेखि आन्दोलनरत वार्तामा बसिरहेको छौं, पछिल्लोपटक वार्ता टोलीलाई नै औचित्यहीन बनाइएको छ ।

कर्मचारी आवेदन फर्म भर्ने सूचना !

कृषि विकास बैंक लिमिटेडमा माग गरिएको २५८ जना सहायक कर्मचारीका लागि फर्म भर्ने तथा फर्म बुझाउनका लागि यस केन्द्रमा शीघ्र सम्पर्क गर्नुहोला ।
नोट : तयारी कक्षा, Syallabus, फर्मको समेत व्यवस्था छ ।
Contact:
MATCOSC
टीका भवनको तेस्रो तला, महेन्द्रपुल, पोखरा (सीता भवनको ठीक अगाडि)
Ph:061-540297, 9846119575, 9849292120

संसद बैठक २ दिनका लागि स्थगित

काठमाडौं ५ माघ ।

व्यवस्थापिका-संसद्मा आजदेखि प्रारम्भ गर्ने भनिएको नेपालको संविधान (पहिलो संशोधन) विधेयक, २०७२ माथिको दफावार छलफल दुई दिनपछि सरेको छ । नयां वानेश्वरस्थित व्यवस्थापिका संसदमा प्रमुख तीन राजनीतिक दलका शीर्षनेता तथा संसदीय

बाँकी ३ पृष्ठमा.....

शहीद गंगालाल हृदयरोग केन्द्र बांसबारी काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ पोखरामा

के तपाई लामो समयदेखि सुगर प्रेसरकै समस्याबाट पीडित हुनुहुन्छ ? कतै तपाईलाई मुटुको समस्या त भएको छैन ? मुटुरोग लागे औषधि नियमित खाइरहनु भएको भए औषधिको मात्रा त मिलेको छ वा छैन हृदय रहन र प्रेसरको औषधि खाएर पनि प्रेसर कन्ट्रोल भएको छैन र जुन मुटु प्रेसर र सुगर रोग लाग्यो त्यही रोगसम्बन्धी विशेषज्ञसाई उपचार गराई हृदय रहन वरिष्ठ विशेषज्ञ **डा. श्यामराज रेञ्जी** पोखरा आउँदै हुनुहुन्छ । स्वास्थ्य लाभ लिनुहोला ।

बिरामी जाँच : २०७२ माघ ९ गते शनिबार
समय : बिहान ४ बजेदेखि ३ बजेसम्म

सम्पर्क :
परिचित मेडिकल हल
पाल्पासुचोक, पोखरा, फोन : ९८४८७४५४९४

हार्दिक बधाई एवं शुभकामना

चिनु गुरुङ

सेभेन हर्ट इन्टरनेन्मेन्ट प्रा.लि.को महत्वपूर्ण इभेन्ट मिष्टर एण्ड मिस एपर्वेट पोखरा-२०१६ का अवसरमा गरिने सौन्दर्यकर्मी सम्मानबाट गुरुङ ब्युटी पार्लर पोखराकी संचालक तथा वरिष्ठ ब्युटीसियन चिनु गुरुङज्यु सम्मानित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको उज्वल भविष्यका साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

लक्ष्मण छत्र्याल
अध्यक्ष
सेभेन हर्ट इन्टरनेन्मेन्ट प्रा.लि. पोखरा

अमला मरुवन
संचालक
विनारी थकाली मान्छाघर, चिप्लेढुंगा पोखरा

तुरुन्त आवश्यकता

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकमा संचालित **विनारी थकाली मान्छाघर**का लागि निम्न कर्मचारी आवश्यक परेकाले ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

क्र.सं.	पद	संख्या
२.	कुक	१ जना

पारिश्रमिक : आकर्षक तथा आपसी समझदारीमा

सम्पर्क : **विनारी थकाली मान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुंगा, पोखरा
फोन : ०६१-५२६३०५

हार्दिक बधाई एवं शुभकामना

सम्मानित भएका तिमिल्सिना बुबा-आमाका साथ

हाम्री भतिजी तथा जगन्नाथ तिमिल्सिना (पोखरा-६, वैदाम) की सुपुत्री **भरना तिमिल्सिना** चेतना बचत तथा ऋण सहकारी संस्थाको शेयर सदस्यहरुका छोरा-छोरीहरुमध्येबाट प्रवेशिका परीक्षा-२०७१ मा उत्कृष्ट अंक (८६%) प्राप्त गरि सम्मानित भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उनको उज्वल भविष्यका साथै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

ठूलोबुबा: विमलप्रसाद तिमिल्सिना-जिरो किमि
ठूलोबुबा: उमानाथ तिमिल्सिना-सराङकोट
ठूलोबुबा: हिमाल तिमिल्सिना-नर्वे
सानोबुबा : रजुनाथ तिमिल्सिना-साउथ अफ्रिका

तथा **तिमिल्सिना परिवार, पोखरा-२६,सराङकोट, कास्की**

STUDY, WORK & LIVE IN
MALTA
Apply without IELTS | +2 students | SLC students can also apply
- Schengen Visa / EU Member,
- Work while studying,
- Affordable Tuition fee,
- High Visa Success Rate,
- Easy Documentation,
- Refusal from USA/UK/Ireland/Australia/New Zealand are welcome.

Min Req.: SLC, +2 or equi.
Hurry Up !
Last Calling & Limited Seats for Nepolese Students

ROYAL INTERNATIONAL EDUCATION PVT.LTD.
www.royaledu.com
Chipledhunga
2nd Floor, Batas Malla Complex, 061-551041
Ranipauwa
Hi#50, Infront of NTC, 061-533386
Email: info@royaledu.com | Web www.royaledu.com

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग में किन ?
- तपाईले खोजेका कुनैपनि मुगलरीय डाल्डहरु कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् मुगलरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि मुगलरीय पकेट्स मेडिल प्रयोग गरिने,
- यहीको मासा, सदभाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

हाम्री बाबाले सुरु गर्नु बबिन टेलरिङ्गको सिलसिलै निरन्तर...
बबिन टेलरिङ्ग सुटिङ्ग एण्ड सुटिङ्ग
DIGAM | Ashwini | OCM | Bodki

कोरियन भाषामा भर्ना खुल्यो

नेपाल सरकारबाट कोरिया भाषाको स्वीकृति प्राप्त प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूटमा कोरियामा ५ वर्ष बसी कोरियन भाषाको व्याकरण र उच्चारण विधि अध्ययन गरेर आउनुभएका ख्यातिप्राप्त शिक्षकद्वारा अडियो तथा भिडियो माध्यमबाट EPS-TOPIK कोर्ष अध्यापन गराइन्छ ।

सम्पर्क
प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूट
न्यूरोड, पोखरा (पृथिमा हल अगाडि, मेट्रो डेभलपमेन्ट बैंकमाथि)
फोन : ०६१-५२०८५२, ९८१७१४४६३३, ९८४६०७७६१५

सुन्दर हेयर एण्ड ब्युटी

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension मनैका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेशियल गरिन्छ । साथै मेती केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ९८४६८५५३३०
पोखरा ट्रेड मल, चिप्लेढङ्गा
(First Floor X2)

के तपाई नेपालमै केही गर्न चाहानुहुन्छ ?
रोजगारीका लागि विदेश जानुं भन्दा लगानीमै व्यवसाय गरेर आफ्नालाई गर्व लाग्नुहुन्छ भने तपाईको रोजाई बन्न सक्छ ।

★ सिर्जना मिनी मार्केट ★

पोखराको मुटु रिजेन्सीको ठिक मेट्रोसिटी हरियल जाने पर्खिदै कुशिल सम्पन्न मानसर दोहोरो खाजकुरि भएर बस्न सक्नेहरु रहेको सुजना मिनी मार्केटमा सकेको रहन कुशिलु गराईएकाछौं । तपाई सकेकोहि मार्केट सञ्चालन गर्दै आफ्ना अमुल्य समयिहरुलाई सम्पत्तिमा रिजेन्सी मिनी मार्केट जति नै उपयुक्त रहेको छ ।

यहां मांडा, खाद्यान्न, फलफुल, तरकारी, लताकपडा व्यवसाय गर्न सकिन्छ ।
थप जानकारीका लागि सम्पर्क : ९८४८०४४०४४, ९८४८०४४०४५, ९८४८०४४०४६

कांग्रेसमा क्रियाशील सदस्यता नाम सच्याउन निवेदनका चाङ

काठमाडौं ५ माघ ।

नेपाली कांग्रेसको गाउं, नगर बडा र नगर अधिवेशन आउन १० दिनमात्र बाँकी रहँदा केन्द्रीय कार्यालयमा क्रियाशील सदस्यता सम्बन्धमा निवेदनको चाङ लागेको छ । पाटीले पहिलोपटक यही माघ ३ गते आफ्नो वेभसाइटमा मुलुकभरका क्रियाशील सदस्यको नाम सार्वजनिक गरेसँगै पार्टी केन्द्रीय कार्यालयमा दुई दिनमा नाम छुटेका, गल्ती भएका, ठेगाना फरक परेका सम्बन्धमा सच्याउन माग गर्दै करिब २०० निवेदन परेका छन् । नाम सार्वजनिक गरेसँगै नयाँ नगरपालिकामा बडा परिवर्तन भएर आएका, केही जिल्लाका नाम छुट भएका र कतिपय जिल्लामा नाममा गल्ती देखिएकाले सच्याउन २०० को हाराहारीमा निवेदन परेको पार्टी केन्द्रीय कार्यालयका सचिव प्रदीप पराजुलीले बताए । "केही जिल्लामा प्रक्रियाअनुसार आएका नामावलीमा पनि टाढुप गर्न क्रममा मानवीय कमजोरीले गल्ती भएका छन्" सचिव पराजुलीले भने । कतिपय निवेदन भने क्रियाशील सदस्यता लिएको १० वर्ष अवधि प्रमाणित गरी पाऊँ भनी परेका छन् । कांग्रेसमा केन्द्रीय सदस्य र जिल्ला सभापति हुन क्रियाशील सदस्यता लिएको कम्तीमा १० वर्ष पुगेको हुनुपर्ने कानुनी प्रावधान छ ।

"तीं निवेदनमार्फ क्रियाशील सदस्यता छानविन समितिले कारवाही गर्नुपर्ने हो, तर छानविन समितिले सबै विवरण पार्टी सभापतिलाई बुझाइसकेको र राजनीतिक विषय भएकाले अब पार्टी नेतृत्वले गर्छ" सचिव पराजुलीले भने । कांग्रेसको गाउं, नगर बडा र नगर अधिवेशन यही माघ १५ गते हुँदैछ भने कुनै नगर बडा र नगर अधिवेशन एकै दिन गर्न असुविधा भए नगर अधिवेशन माघ १६ गते गर्न सकिने व्यवस्था गरिएको छ । त्यस्तै क्षेत्रीय अधिवेशन यही माघ २२ गते र जिल्ला अधिवेशनका लागि माघ २५ गते मिति तोकिएको छ । केन्द्रीय महाधिवेशन भने आगामी फागुन २० देखि २३ गतेसम्म काठमाडौंमा हुँदैछ । त्यस्तै कतिपय जिल्लामा नयाँ क्रियाशील सदस्यताको नामावली राख्न बाँकी रहेको पार्टी कार्यालयले जनाएको छ । भक्तपुरको निर्वाचन क्षेत्र नम्बर २, इलामको १ र ३, सङ्खुवासभा तथा मुगुका सबै नयाँ सदस्यता राख्न बाँकी रहेको र यही माघ १४ गते आँघि नै वेभसाइटमा राखिने पार्टीले जनाएको छ । पार्टीमा १३औं महाधिवेशनका लागि स्वीकृत कुल क्रियाशील सदस्य सङ्ख्या चार लाख ७० हजार ६५५ कायम भएको छ ।

यसैबीच नेपाली कांग्रेसको स्थानीयस्तरका अधिवेशनका लागि आवश्यक निर्वाचन सामग्री माघ १० गतेभित्र सबै जिल्लामा पठाइने भएको छ । यही माघ १५ गतेदेखि हुने स्थानीयस्तरका अधिवेशनका लागि आवश्यक निर्वाचन सामग्री तयार पार्ने काम भइरहेको केन्द्रीय निर्वाचन समितिले जनाएको छ । समितिका संयोजक राधेश्याम अधिकारीले हरेक जिल्लामा निर्वाचन अधिकृतसँगै निर्वाचित अपर्णिह दिने प्रमाणपत्र, निर्वाचन निर्देशिका, पार्टीको विधान, नियमावली, क्रियाशील सदस्यको नामावली लगायतका सामग्री पठाइने जानकारी दिए । उनले केन्द्रबाट जिल्लामा पठाउने र जिल्लाले गाउं तथा नगर र क्षेत्रमा पठाउने पनि बताए । जिल्लामा पठाउनु पर्ने निर्वाचन सामग्री छपाउने, सङ्कलन गर्ने ती सामग्री कुन जिल्लामा कति आवश्यक पर्छ भन्ने लेखाजोखा गर्ने काम भइरहेको कांग्रेस केन्द्रीय कार्यालयका सचिव प्रकाश शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचन निर्देशिका र प्रमाणपत्र अझै केही छाप्न बाँकी रहेको छ ।

देशभरका तीन हजार ९६५ गाविस र २७७ नगरपालिकाका तीन हजार ९० ठाउँका लागि निर्वाचन सामग्री पठाउनुपर्ने सचिव शर्माले बर्ता । गाविसस्तरको गाउं अधिवेशन र नगरपालिकाको वडा अधिवेशन यही माघ १५ गते हुने भएको छ भने नगरपालिकाको नगरस्तरको अधिवेशन १६ गते पनि गर्न सकिने कांग्रेसको निर्वाचन समितिले व्यवस्था मिलाएको छ । रासस

टुरिजम सिटी लायन्सद्वारा न्यानो कपडा अभियानलाई सहयोग

गोल्डेन न्युज संवाददाता
पोखरा ५ माघ ।

लायन्स क्लब अफ पोखरा टुरिजम सिटीले लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ को वार्षिक कार्ययोजना अनुसार डिष्ट्रिक्ट गभर्नरद्वारा क्लबको अवलोकन कार्य सम्पन्न गरेको छ । कार्यक्रममा डिष्ट्रिक्ट गभर्नर ध्रुव बवहादुर थापाले क्लबले छोटो समयमा नै सामाजिक कार्यमा राम्रो उपलब्धी हासिल गर्न सफल भएको क्लबलाई बधाई दिदै आगामी दिनमा अझ सशक्त ढंगले काम गर्न आग्रह गरे ।

क्लबका अध्यक्ष प्रदिप कुँवरको अध्यक्षतामा भएको कार्यक्रममा लायन्स क्लब अफ पोखरा सेती गण्डकीका अध्यक्ष मिलन थापाले लायनवादको सिद्धान्तलाई अनुसार क्लबले गर्नु पर्ने आफ्नो काम कर्तव्य समय मै गर्न सफल भएकोले नया भइकन पनि परिपक्व मानसुर गरेको सुनाइन । पूर्व मल्टिपल काउन्सिल चियरसर्सन पेमबहादुर श्रेष्ठले विहानीले दिनको संकेत गर्दछ भनेझैं क्लबको पहिलो वर्षको काम नै निकै सन्तोषजनक रहेकोले आगामी वर्षमा क्लबले सामाजिक सेवामा अतुलनीय योगदान गर्नेमा कुनै शंका नरहेको बताए । उक्त अवसरमा रिजन चियर पर्सन देवकुमारी हिराचन, गभर्नस मिट को-अर्डिनेटर दुर्गा ढकाल, लायन्स क्लब अफ पोखरा टुरिजम सिटीका प्रथम उपाध्यक्ष सुदिप पौडेल, तृतीय उपाध्यक्ष निरन केसी लेगायतले बोलेका थिए । कार्यक्रममा क्लबका पदाधिकारी तथा सदस्यहरुलाई लायन्स अन्तर्राष्ट्रियबाट प्राप्त क्लब सस्थानको प्रमाणपत्र तथा पिन वितरण गरिएको थियो । कार्यक्रमको सन्चालन क्लबका सचिव सन्जय मल्लले गरेका थिए ।

यसैबीच लायन्स क्लब अफ पोखरा टुरिजम सिटीले लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ ले भुकम्पपीडितका लागि जाडोका लागि थालेको न्यानो अभियानमा १५ हजार रुपैयाँ हस्तान्तरण गरेको छ । उक्त रकम क्लबका अध्यक्ष प्रदिप कुँवरले बताए । क्लबको अभियानमा भएको बनभोज तथा पारिवारिक भेटघाट कार्यक्रममा खेलाईएको बच्चा तर्फको म्युजिकल चियरमा मोनिका खड्का, श्रीमतीहरु बीच खेलाईएको म्युजिकल चियरमा प्रशंसा कुँवर केसी तथा पैठी फुटाउने खेलमा स्वरुप खड्का प्रथम भएका थिए ।

अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ ले भुकम्पपीडितका लागि जाडोका लागि थालेको न्यानो अभियानमा १५ हजार रुपैयाँ हस्तान्तरण गरेको छ । उक्त रकम छिट्टै डिष्ट्रिक्टलाई हस्तान्तरण गरिने क्लबका अध्यक्ष प्रदिप कुँवरले बताए । क्लबको अभियानमा भएको बनभोज तथा पारिवारिक भेटघाट कार्यक्रममा खेलाईएको बच्चा तर्फको म्युजिकल चियरमा मोनिका खड्का, श्रीमतीहरु बीच खेलाईएको म्युजिकल चियरमा प्रशंसा कुँवर केसी तथा पैठी फुटाउने खेलमा स्वरुप खड्का प्रथम भएका थिए ।

'नयाँ संविधानले सबैको मर्मलाई छोएको छैन'

गोल्डेन न्युज संवाददाता
पोखरा ५ माघ ।

नेपालका आदिवासीहरुको मानवअधिकार सम्बन्धित बकिल समूह(लार्हानिप)का सचिव शंकर लिम्बुले असोज ३ गते जारी गरिएको नेपालको संविधानलाई रगतको होली खेलिएको संविधान भएको बताएका छन् । विश्वकै उत्कृष्ट संविधानको रुपमा चर्चा रहेको संविधानलाई उनले यस्तो टिप्पणी गरेका हुन् ।

तमु धि नेपालद्वारा मंगलवार पोखरामा आयोजना गरेको अन्तर्राक्रिया कार्यक्रममा अधिवक्ता लिम्बुले सेनाको सुरक्षामा जारी गरिएको संविधान ज्यादी संविधान भएको बताएका छन् । संविधानसभाबाट संविधान जारी गर्दा विश्वमा कही पनि सेना परिचालन गरिएको छैन तर नेपालमा संविधानसभाको निर्वाचन, दुईदिने सुभाव संकलन र संविधान समेत सेना नै परिचालन गरेर जारी गरिनु दुखदायी भएको उनले बताए । संविधान जारी गर्ने वेलासम्म संविधानमा आफ्ना अधिकार सुनिश्चित गराउन २१ जनाले बलिदानी प्राप्त गरेको उनको भनाई थियो ।

उनले संविधान विकास सम्वत १९१० को मुलुकी ऐनको अवधारणा अनुसार ल्याइएको छ, जस्मा आदिवासी जनजातिहरुको केही प्राप्त अधिकार पनि कटौती गरिएको बताए । संविधानको प्रस्तावनाले नै नेपालका जनतालाई सार्वभौमसत्ता सम्पन्न जनता, नेपालका नागरिक र जनता भनि तीन तहमा विभाजन गरी विभेद गरेको भन्दै भयवावाट पीडित संविधानले विगतदेखि विभेदमा पारिदै आएको जन समुदायलाई अधिकार विहीन र प्रतिष्ठाको अपमान गरेको बताए ।

यो संविधानको ११ वटा धारा प्रत्यक्ष रुपमा आदिवासी जनजातिको विरुद्ध २९ वटा धारामे विभेदीकरण, ४९ वटा धाराले वहिष्करण गरेको छ भने ४ वटा धारामे स्पष्ट रुपमा खस आर्य समुदायको नाउंमा उनीहरुको प्रतिष्ठा र अधिकारलाई अरुको भन्दा उच्च बनाएको लिम्बुले बताए ।

पहिचान पश्चर आदिवासी जनजातिहरुको अर्थपूर्ण सहभागीता नरहेको संविधानसभाले हिन्दु, खमआर्य, सत्तावाल नेतादरुको स्वार्थमा आधारित संविधान जबरजस्त जारी गरिएको छ, यस्तो पश्चयन्त्रलाई चुभाउन आदिवासी जनजाति जागरण अभियान जरुरी भएको उनको भनाई थियो ।

नियम, ऐन, कानुन र संविधान बन्ने क्रममा विश्वका आदिवासी जनजातिहरुका अधिकार प्राप्ति भएको छैन, अधिकार प्राप्तिका लागि एकताबद्ध आन्दोलन जरुरी रहेको भन्दै उनले सडक आन्दोलन र कानुनी लडाई संग सँगै लानुपर्ने बताए । उनले राष्ट्रियता खतरा जनतावाट लड्दा लिइन पटक पटक सरकार र नेतावाटै भईरहेको विवरण प्रस्तुत गर्दै नागरिकताको आधारमा वंशज र अंगिकृत भनेर नेपाली जनतामा विभेद गर्न नहुनेमा जोड दिए ।

अधिकारकर्मी लिम्बुले आदिवासी अधिकार सुनिश्चित गर्ने गरी आदिवासी जनजाति समुदायके प्रतिनिधित्व सहभागीतामा छलफल गरेर संविधान संशोधन गर्ने स्थामित्व ग्रहण गर्नुपर्ने बताए ।

तमु धि नेपालकी अध्यक्ष कर्म तमुले अहिलेको संविधानमा आदिवासी जनजातिको अधिकार र पहिचान सुनिश्चित नभएकाले आन्दोलित भइरहेका बताउनुहुदै विभेदमा पारिएका जनतालाई एकताबद्धताका लागि लाहुर्निपलाई संविधानको विभेदका धाराहरुलाई जनता सामु प्रष्ट पार्ने आग्रह गरे ।

तमु धि नेपालकी अध्यक्ष कर्म तमुकी अध्यक्षता र सचिव गिरीप्रसाद गुरुङको सचालनमा भएको कार्य कर्यक्रमा खेमजङ गुरुङ, सन्देश गुरुङ, माया गुरुङ मनाङ्गी, तोरण गुरुङ, हुमबहादुर गुरुङ, पूर्ण हयोन्मो लगायतले जिज्ञासा राखेका थिए ।

संसद...

दलका नेतावाटै भएको छलफलमा यही माघ ७ गतेदेखि सो विषयक माथिको छलफल अघि बढाउने निर्णय भएको छ । छलफलपछि पत्रकारलाई जानकारी दिदै कार्यदलका सदस्य तथा उपप्रधानमन्त्री एवम् रक्षामन्त्री भीम रावलले सदनमा प्रस्तुत संविधान संशोधन प्रस्ताव तथा आन्दोलनरत मधेसवादी दलका प्रस्तावलाई अघि बढाउन सकिने सम्भावित विषयमा छलफल भएको बताए ।

खुशीको खबर !

के तपाईलाई लागीभागी भई छेवैमा गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गाउंडी पार लगाउने देवी हुनुहुन्छ । साथै टाढ देखेकी, बाच, शुकी, डाँभोपेण हटाउने ग्याष्ट्रिक, रक्सी ठुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिदेखि मात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिस्चाचोक प्रतिष्ठालय बजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ४८४६२८५४५४

प्रो. वद्री के.सी. : ४८५६०२४८४६
प्रो. गोपाल बहादुर कार्की : ४८५६०३९८७२
प्रो. राजेश के.सी. : ४८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi मा Spark, Middle East, Star र Al Jaber Coin सुई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

तयारी कक्षा प्रगतिशील चलिरहेको छ ।

०गतपतिमत उत्तीर्ण गराउन सफल ०आफ्नै मेनपावर कम्पनीबाट शेशीस गराईने ।
०१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क : **फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सेटर नं ३०, फोन:०६१-५२०५२, मो. ९८४५०-४१४९२

जीवन के.सी. मो. ९८५६०-३८०६६ ९८०६६-४०६७१

पञ्चमुखी लक्ष्मी सप्लायर्स

हवेलीमार्ग, काजीपोखरी पोखरा-१८

विवाह व्रतबन्ध भोज तथा अन्य कुनै कार्यको लागि सप्ला खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस्, रोयल ईम्पायराका साथै सिपेजको समस्या साबधान बाटर प्रुफिङ्ग गरिन्छ ।

फोन : ०६१-४३०१९४, मो. ९८४५६०२८८७, ९८४६३३६३५१

अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

वैदेशिक रोजगारको सुवर्ण अवसर

Abudabi-Qbai कतार, साउदी आदिमा सेक्युरिटी गार्ड, कुक, वेटर ड्राइभर, अफिस ब्वाई, स्न ब्वाई लगायतका काममा जान चाहने व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला । साथमा Abudabi को Spark Middle Est Star Skill force UAE को DPS कतारको Grup-4, बहराइडन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि. बाट अन्तर्राष्ट्रिय स्तरको Diphomatic सेक्युरिटी गार्डए तालिम अंग्रेजी भाषा र अन्तर्वार्ता तयारी कक्षाहरु भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

फिफ्सर इम्प्लोइमेन्ट एण्ड आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.

सम्पर्क : ४८४६३५३४२ (डिल्ली अर्वाल), ४८५६०२५४४२
४८०६७०८२४६, ४८०६७०८२४७, ४८४६५४२३३१
०६१-५३०७२४, ५३५३६२ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेस कम्प्लेक्सको दोस्रो तला)

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना सँघि नहुने, अमिलो पानी आउने, भोजिस हकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

थोक रसायन: सिङ्ग स्थलत, उत्तेजना नहुने, सिङ्ग धिलाउने, स्वज दोष जस्तो सुकै जीज समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या

महिनावारी सहजरी, सेतोपानी बग्ने, योनी धिलाउने, नस्सी पेट ढाड कमजर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, जीज आहालमा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता: जालो धाया पोरी, इग्जिपफोरेट, दाग धब्बा, मस्किया, कोरी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

थप उपचार: ऐसर, सुनार, जण्डिश, पिलास, पाइलस, इम्म सार्ने बाम, ढाड कमजर, हाड जोर्ने पुरै शरिर ढुःखाई किन पार्ने मसाज तेल ।

सिलल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं ०६१-५३१८६७, ०६-१२३५१५१८, मो. ९८४६१३७४१८

पोखरामा पहिलो पटक

- तौलघटुंक : तिङको साइज, पावर बढाउन, सिङ्ग स्थलत रोक्न, विज्ञ सिपार्थ हर्बल साप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, सुलाइ कसिलो बनाउन, पेटको छिरा हटाउन ।
- केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन स्प जुत्त (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Builde घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी धुरोट खैनी, गाँजा तथा हुक्स छुटाउन ।
- ढाड तथा जोर्नी दुखाइ ठिक पार्ने, सस्तो सुधा पेसलिस ।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

क्वोइ च्हों देवी रनिङ शिल्ड फुटबल जारी

गोल्डेन न्युज संवाददाता
पोखरा ५ माघ ।

मिलन युवा क्लबको आयोजनामा लमजुङको गिलुङमा जारी क्वोइ च्हों देवी रनिङ शिल्ड फुटबल प्रतियोगितामा महिलाका पाँच टीम सहभागी भएका छन् । आइतवारदेखि सुरु भएको पुरुष तथा महिला खुल्ला नकआउट फुटबल प्रतियोगिता बृधवारदेखि महिला फुटबल हुने जनाइएको छ ।

पुरुष फुटबलतर्फ भने मंगलवारदेखि प्रि-क्वार्टरफाइनलका खेल सुरु भएका छन् । प्रथम चरण अन्तर्गत वै मंगलवारको पहिलो खेल आयोजक सेतो र किपटिभ युथ क्लब 'ए' र डडुवाबीच भएको थियो । चारजना अफ्रिकन खेलाडि लिएर मैदानमा उत्रिएको किपटिभले १ का विरुद्ध ५ गोल गर्दै आयोजक सेतोलाई पाखा लगायो । प्रि-क्वार्टरफाईनलको पहिलो खेलमा आयोजक रातोले सुर्योदय निमार्ण, घाम्राडलाई शून्यका विरुद्ध १ गोलले हराएको छ । त्यस्तै, मितेरी युवा क्लब, घाम्राडले अण्डर सिस्र्फटिन गिलुङलाई २-१ गोलअन्तरले हरायो । मंगलवार नै अण्डर सिस्र्फटिन, दुधपोखरी, पसगाउंले वाई पाएर दोश्रो चरणमा प्रवेश गरेको अण्डर नाइन्टिन, डडुवालाई शून्यका विरुद्ध १ गोल गर्दै जित हात पार्‍यो । वाई पाएको अर्को टिम कास्की भाचोकको लम्तरी युथ क्लब पनि किपटिभ डडुवा 'ए' संग ०-२ गोलले स्वच्छ बन्यो ।

मंगलवारका खेलमा किपटिभ डडुवाका अफ्रिकन खेलाडी फेड्रासु, आयोजक रातोका विवेव गुरुङ, अण्डर सिस्र्फटिन, गिलुङका सुदेश गुरुङ, अण्डर सिस्र्फटिन, दुधपोखरीका रोशन गुरुङ र लम्तरी युथ क्लब भाचोकका अनिश गुरुङ 'म्यान अफ दी म्याच' घोषित भए ।

बुधवार शिशुवा एफ.सी 'ए' र लौवारी रातो गिलुङबीच प्रि-क्वार्टरफाइनल खेल हुने आयोजक मिलन युवा क्लबका अध्यक्ष सन्तोष गुरुङले जानकारी दिए । अर्को खेल सप्तकन्या युथ क्लब छापा र मनकामना युथ क्लब, कमेरोबीच हुने छ । महिला फुटबलको पहिलो खेल गिलुङए र किपटिभ युथ क्लब, डडुवाबीच हुने क्लबका अध्यक्ष गुरुङले बताए । क्लबले गिलुङको चिसापानीमास्थित बढीथप उच्च माविको ४१ औं वार्षिकोत्सवका अवसरमा प्रतियोगिताको आयोजना गर्दै आएको हो । विद्यालयले मंगलवार एक समारोहको आयोजना गरी वार्षिकोत्सव मनाउँदै छ ।

पुरुष फुटबलतर्फ प्रतियोगिता मा प्रथम र द्वितीय हुने टिमले क्रमशः नगद ५० हजार र ३० हजार रुपैयासहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । महिला फुटबल प्रतियोगितातर्फ प्रथम हुने टिमलाई नगद ५५ हजार रुपैयाँ र द्वितीय हुने टिमलाई नगद ७ हजार रुपैयासहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिए । २०४२ सालमा स्थापित मिलन युवा क्लबले २०५४ सालदेखि खुल्ला पुरुष फुटबल प्रतियोगिता आयोजना गर्दै आएको छ । क्लबले यहि वर्षदेखि महिला फुटबल प्रतियोगिता पनि समावेश गरेको हो । प्रतियोगिताको मुख्य प्रायोजक गिलुङ समाज, युके रहेको छ । प्रतियोगिताका अन्य प्रायोजकहरुमा गिलुङ समाज, हडकङ, गिलुङ गाउं सुधार सरोकार समिति, पोखरा र गिलुङ गाविस कार्यालय रहेका छन् ।

बैंक ब्यालेन्स

बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

तु-अत्यश्यकता

पोखरामा नयाँ संस्थाका लागि
ट्रेसिका लागि ट्रेसर -२ जना
मार्केटिङ सल्लाहकार -२ जना
एकाउन्टिस/बेस डिग्रीधारक -२ जना
रोजगार आत्मविश्वासना -२ जना
बजत तथा लघुवित्त -४ जना
कृषि सम्बन्धी प्रोजेक्ट -४ जना
N.G.O.Club -४ जना
रसस्था कन्सल्टेन्सी, बुटवल, पोखरा
०५१-५२५६७, ५२८७८, ९८४१५६४८०

घर तथा फ्लयाट भाडामा

पोखरा उप-महानगरपालिका वडा नं. ५ पर्स्याङमा एउटा घर तथा फ्लाट भाडामा छ । आवश्यक पर्ने व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क : ४८५६०३३७५८

■ गोरखालीहरू साना कदका हुन्छन् तर उग्रीहरूमा उद्यम साहस हुन्छ।
- लर्ड नेपियर

सम्पादकीय ...

ओली सरकारको हनिमुन

केपी शर्मा ओली नेतृत्वको सरकारले सय दिन पुरा गरेको छ। सामान्यतः संसदीय व्यवस्थामा पहिलो सय दिनलाई हनिमुन पिरियड मान्ने गरिन्छ। यसो भन्नुको अर्थ यो बेलामा विपक्षीहरुले पनि खासै विरोध गर्दैनन्। सरकार गठनको सय दिनलाई परीक्षणकालको रुपमा हेर्ने गरिन्छ। दिनको झन्को बिहानले दिन्छ भनेजस्तै सरकार बाँकी कार्यकाल कस्तो रहन्छ भन्ने कुराको झल्को यो सय दिनले दिने विश्वास गरिन्छ। ओली सरकारको सय दिनबाट धेरै आशा गर्ने ठाउँ देखिएको छैन। यद्यपि यसबीचमा अगिल्ली प्रतिबद्धताहरु आएका छन्। यी प्रतिबद्धता लागु गर्न सक्ने हो भने सरकारले ऐतिहासिक काम गर्नेछ तर प्रतिबद्धता प्रतिबद्धतामै सीमित रहने हो भने यो अहिलेसम्मकै हचुवा सरकारको रुपमा परिचत हुन पनि बेर हुनेछैन। त्यसैले सरकार सफल या असफल भन्ने अवको उसकै कार्यशैलीमा निर्भर रहनेछ। अहिलेको सय दिनमा लाई हनिमुन पिरियड नै मानिँदैने हो भने पनि सरकारले अब काम गरेर देखाउने समय आएको छ। अबको दिनमा सरकारले जति काम गर्छ, उसको मुल्यांकन त्यहीअनुरुप हुनेछ। सरकार ढल्ने वा कायम रहने भन्ने पनि यसमै निर्भर रहनेछ। सरकारले राम्रो काम गऱ्यो भने विपक्षी दलले जतिसुकै डाहा गरे पनि सरकार सुदृढ भएर अघि बढ्नेछ। सरकारले अपेक्षाअनुरुप काम गरेन भने विपक्षी कानमा तेल हालेर बसे पनि यो सरकार धेरै दिन टिक्दैन। त्यसैले अबको कार्यशैलीबाट आफ्नो आयुसमेत निर्धारण हुने भएकाले सरकार गम्भीर र संवेदनशील भएर अघि बढ्न जरुरी छ। संकटको बीचमा यो सरकार गठन भएको हो। महाभूकम्पले सिर्जना गरेको महाविपत्तिको असर न्यून गर्दै संविधान जारी भएपछि भारतले लगाएको नाकाबन्दीका कारण सिर्जना भएको संकट समाधान गर्नु सानो चुनौती थिएन। यी दुवै चुनौती अहिले पनि यथावत रहनुले सरकार अझै तरवारकै धारमा छ भन्ने प्रष्ट हुन्छ। भूकम्पपीडितहरुले एउटा वर्षात पालमै बसेर कटाए भने एउटा हिउँदको कठिन ठण्डी पनि कटाउने चालेका छन्। यसबीचमा चिसोकै कारण पचासजना जनता ज्यान गइसकेका छन्। सरकारको केही काम अघि बढुनालाई सकारात्मक मान्न सकिन्छ। खासगरी व्यवस्थापिका-संसदबाट पुनर्निर्माण ऐन जारी गरेर प्राधिकरण गठन हुनु यसबीचमा भएको प्रगति हो। त्यस्तै माघ २ गतेदेखि पुनर्निर्माण महाअभियान शुरु भएको छ। एक वर्षभित्र पुनर्निर्माणको काम सम्पन्न गर्ने गरी महाअभियान घोषणा छ। यो पनि अर्को प्रगति हो। अहिले देशले बेहोरिरहेको दोस्रो संकट हो-नाकाबन्दी। नाकाबन्दी हुनुमा पोखर सरकारको कुनै दोष छैन। तर नाकाबन्दीपछि समस्याबारे व्यवस्थापन गर्न नसक्नु यो सरकारको कमजोरी हो। सरकार यो सबालमा पूर्णतः असफल देखिएको छ। नाकाबन्दीको स्पष्ट कारण पहिचान गरेर देशभित्रको समस्या देशभित्रै समाधान गर्ने र भारतीय हस्तक्षेपकारी रवैयालाई अन्तर्राष्ट्रियरुपमा लग्याउन जुन प्रभावकारी भूमिका निर्वाह गर्नुपर्थ्यो, त्यसमा सरकार पूरै असफल साबित भयो। भूकम्प र नाकाबन्दीबाट देशले ठूलो क्षति बेहोरिसकेपछि प्रमुख दल र सरकारले सहमति खोज्ने तदारुकता देखाएका छन्, यही तदारुकता शुरुमै दिनमा देखाउन सकेको भए देशले यति ठूलो क्षति बेहोर्नै थिएन। देशभित्र मधेशी, थारुलगायतले उठाएका आवाजलाई राजनीतिकरुपमा समाधान गर्ने र भारतसंग कूटनीतिक संवादसँगै उसको हस्तक्षेपकारी रवैयाविरुद्ध अन्तर्राष्ट्रिय जनमत बनाउनितर अझै पनि ध्यान दिनु जरुरी छ। योसँगै सरकारले बजार विविधिकरणको ऐतिहासिक अवसर गुमाएको छ। अहिलेसम्म भारतीय बजारसंग मात्र निर्भर रहेको नेपालले चीनसंग व्यापारिक सम्झौता गरेर इन्धन आपूर्तिको ढोका त खोलेको छ तर पछिल्लो समयमा यसतर्फ आवश्यक रुचि नदेखाउँदा यो पहल फेरि पनि खेर जाने हो कि भन्ने आशंका जन्मेको छ। चीनले विश्वास नगरेर प्रधानमन्त्रीकै भ्रमण खोजेको छ। जतिसक्यो चाँडो प्रधानमन्त्रीले चीन भ्रमण गरेर बजार विविधिकरणको निर्णय गर्न ढिला गर्नु अब सरकार क्रमशः असफलताको दिशामा अघि बढुन् हो भन्ने कल्पितया सत्तारुढ दलहरुले भुल्नु हुदैन। प्रधानमन्त्री भएकै दिनदेखि ओलीले एक वर्षभित्र लोडसेडिङ अन्त्य गर्नेदेखि घर-घरमा ग्यासको पाइप पुऱ्याइदिनेसम्मका घोषणा कुनै नेताका चुनावी भाषण होइन, प्रधानमन्त्रीकै प्रतिबद्धता हुन् भनेर प्रमाणित गर्नु फलामकै च्युरा चपाउनुसरह छ। यी सबै प्रतिबद्धता पुरा गर्न अब कुरामा होइन, काममा जोड दिनुपर्ने समय आएको छ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल माघ ५ गते बुधबार, तदनुसार जनवरी २० सन् २०१६, श्रीशार्के १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शिशिर ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषशुक्लपक्षको दशमी तिथि १४ घटि ४५ पला अर्थात दिनमा १२ बजेर ५१ मिनेटसम्म त्यसउप्रान्त द्वादशी तिथि लाग्नेछ। आज सूर्य मकर राशिमा, चन्द्रमा वृष राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि २६ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५७ मिनेटमा तुहुदेव मूहर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ३२ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : मान्यजनबाट सहानुभूति मिल्ने, व्यापारिक कार्य सफल रहनेछ, साहित्य क्षेत्रबाट सफलता मिलेछ दिन शुभ छ।

वृष : दाजुभाई बीच मनमुटाव हुन सक्नेछ, दैनिक उपभोग्य सामग्रीको अभाव, शुरु गरेको कार्यहरु रोकिनेछन्।

मिथुन : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पुरा हुने।

कर्कट : आर्थिक लेनदेनमा विवाद हुनेछ, अनावश्यक कार्यमा दिन बितेछ, पठनपाठन क्षेत्र अस्तव्यस्त हुने, दिन खराब छ।

सिंह : भूमि सम्बन्धी विवाद, महत्वपूर्ण कार्यक्रम स्थगित हुनेछ, सुनचाँदी कारोवारमा मन्दी आउन सक्नेछ।

कन्या : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नेतृत्व कार्य असफल, टाढाको यात्रामा सावधानी अपनाउनु पर्नेछ।

तुला : नयाँ व्यवसाय गर्नातर मनजान सक्नेछ, पारिवारिक समस्या सुल्झिनेछ, सामाजिक कार्यमा सम्मान मिल्नेछ।

वृश्चिक : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडालाे ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुनेछ।

धनु : मित्रको सहयोगले ठूलो काम सम्पन्न, वैदेशिक रोजगारको अवसर मिल्ने, स्वीपधवाट सुख प्राप्त हुनेछन्।

मकर : व्यापार व्यवसायबाट घाटा, स्वास्थ्यमा एक्कासी खराबी, अनावश्यक मानसिक चिन्तन र थकाइ बढ्नेछ।

कुम्भ : रोजगारीबाट आत्मसन्तुष्टि मिल्ने, नयाँ मित्रसंग भेटघाट, मानसम्मानको अवसर प्राप्त हुनेछ, समय शुभ छ।

मीन : सरकारी सहयोग मिल्ने, नयाँ साथीसंग सम्बन्ध गाँसिने, सामाजिक सकियता बढ्नेछ काममा सकियता बढ्नेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

ओली सरकारको १०० दिनको उपलब्धि

एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले ठीक सय दिन पुरा गरेको छ यो सय दिनलाई हनिमुनको अवधि पनि भनेने गरिन्छ यो अवधि कुनै पनि सरकारको निम्ति महत्वपूर्ण समय हो।

जनताले ओली सरकारलाई वर्ष दिन नपुदै गठन हुने र ढालिने अन्य सरकारको निर्यामितता जस्तो कमसल दृष्टिकोणबाट अन्दाज गरेका थिएनन्। हक्कि र आफ्नो अडानमा टसमस नहुने ओली पूर्वप्रति जनमानसमा नौलो पनि थिएनन्। उनले अवसर पाए जनताको हितमा काम गर्छन् भन्ने थियो। राजनीतिका कुशल खेलाडी ओलीलाई देशकी समसामयिक परिस्थिति, पीडा र यसका निराकरणका उपायबारे थाहा छैन भनेर कसैले हेक्का राखेका थिएनन्। के सोचें बैलै, के भयो अहिले' भने जस्तो चित्र उदाए भयो।

ओली सरकारकी कार्यक्षमा भल्केका घरका खाँचाहरू थिए, उदाहिएका छाना र रिता भकारीहरू थिए। सबैभन्दा ठूलो र चुनौतिपूर्ण विषय भनेको तराई-मधेस आन्दोलन, पुनर्निर्माण र नाकाबन्दी थियो। यी जटिल विषयले नेपालको आर्थिक उन्नतिलाई वर्षौं पछि धकेलेको छ। ओली सरकार यसकी सहयोगी पात्र बनेको भान जतातै पोखो छ। करिब पाँच महिना पुगेको मधेस आन्दोलन जारी छ। प्रयाप्त आपूर्तिको अभावमा महंगीले आकाश छुन थालिसकेको छ। कालोबजारियाले सरकारको आँखा बन्द गरिदिएका छन्।

सरकारको जिम्मेवार मन्त्रीले कालोबजारीयाहरुलै संकटमा सहयोग गरेको भन्दै धेरै अघ्यवाह दिएका छन्। नागरिकका लागि यो घाउमा नुनचुक्ष सरह हो। जनताले सरकारको मुख ताकेका छन्, सरकार भने कालोबजारियाको मुख हेरेर लुकेको छ। यतिबेला मुलुकमा मुखको लडाई छ। को हाम्रा यी तमाम समस्याहरुलाई दीर्घकालीन रूपमा समाधान गर्ने सरकार राजी छैन। थोरै जनसङ्या भएको देशका नागरिकको जीवनयापन केही महिना असहज स्थिति उत्पन्न हुदाँ चितिर्कै ठप्प किन भयो? हामीसँग भवितव्य संकटहरुलाई समाधान गर्ने आपतकालिन नीति छैन? के कूनैपनि राष्ट्र भविष्य हुई महिनामै डामाडोल हुन्छ र?

हो, अहिलेसम्म त डामाडोल देखिएको छैन। एक चोरा आलु रस्सीन नाकाबाट भित्रियो भने तरकारी पाक्यो। अन्यथा कृषि प्रधान देश भनेर नाममात्र भजाइएको जग्गामा आलु आन्दोलन हुन सक्छ। इन्धनको स्टक एक सातालाई पुग्ने हुँदैन रहेछ। राज्य व्यवस्था सञ्चालकको नीति तर्जुमा कसरी हुन्छ जबकि एक महिना आपूर्ति नहुँदा एक सिलिण्डर ग्यासको हाहाकार हुन्छ? भविष्यको कुनै चिन्ता हुदैन भने के नेपाल सरकारको कामकाज सिलिण्डर ग्यास र इन्धनको ट्याङ्गर गनेर बस्ने हुन सक्छ?

विश्वको गति कहाँ छ, हामी भने सा-सानो कुरामा अल्झिरहेका छौं। गरिब र अनपढ जनताको अगिनमा गएर भोट मागयो र नेता बन्यो तर आफूलाई भोट दिने जनता गरिब र अनपढ किन भएको भन्ने कुरा अनुभान गर्न सक्दैनन् नेताहरू त्यसैले अहिलेको संकट पनि अनुमानभन्दा बाहिर छ। ओली सरकारले आत्मनिर्भरको अभियान सुरूवात गर्नुपर्थ्यो तर जस बट्टुले अवसरवाट पनि चुक्यो र परनिर्भरतको बाटो समात्यो। विदेशी सहयोगबिना देश ठप्प होस् मतलब छैन् तर सरकार ढल्ला कि भन्ने चाहि चिन्ता छ।

संसारले नाकाबन्दी गरेको उत्तर कोरियाले हाइड्रोजन बम पड्कायर शक्ति राष्ट्रको सातो काढ्दा नेपालमा चाहि बिजुलीबत्तीको ट्रान्सफरमर पछिकाइ र अचानक हावाबाट बिजुली निस्क्याछ कम गुणस्तरको ट्रान्सफरमर खरिद गर्दा कुन निजामति कर्मचारीले कति कमिशन खाए होलान् भनेर छानविन गर्ने हिम्मत कसैले देखाएन। यो मानसिकता कहिले फाल्ने? कालोबजारीमाथि कम गर्ने सकेमा गरिब जनताको छाड्न सकिने थिएन। भारतसँगका सबै नाका ठप्प त छैनन्, इन्धन आइरहेको पनि छ। दयाइरको मुहान कुसको मुखमा पुगेर भारिन्छ यसबारे राज्यको दुस्कहरुको लिपिकरण गरेका छन्। जब ओली मञ्चमा देखा पर्छन् तब लोकबाजीहरु 'मुटुमाथि दुइा राखेर हाँस्न' बाध्य हुन्छन्। प्रधानमन्त्री अनुनय-विनय गर्छन्-'कृपया मलाई हास्यकलाकार नभन्नुहोस्, म यो देशको प्रधानमन्त्री हुँ' लोकवासी फेरि हाँस्छन्।

पटक-पटक बेहोर्नुपरेको नाकाबन्दीबाट पाठ सिकेर देशलाई आत्मनिर्भर बनाउनुपर्ने र वैकल्पिक नाकालाई प्रभावकारी बनाउनुपर्ने बहस आमरूपमा जारी छन्। स्वभाविक हो, कुनै पनि सरकारले आफ्नो देश र जनताको हितका लागि दुरगामी कदम चालेका हुन्छन्। सुशील कोइराला प्रधानमन्त्री भएका बेला चीनसँग सहमति हुन नसकेको भनिएकी सीमा नाका खोल्ने सम्झौता किन कार्यान्वयन हुन सकेन? नेपाल मामिलामा चीनको उपस्थिति किन यत्ति र किन्को अवस्थामा छ? किन चीनसँग जोडिएका नाकालाई नियमितरुपमा सुचारु गर्नका लागि उत्साहजनक पहल हुन सकिरहेको छैन? यि सबै प्रश्नको जवाफ सरकार आफै खोजिरहेछ।

पुस १० गते बेइजिङमा दुई देशबीच भएको आठ बुँदे सहमतिको कार्यान्वयन नेपाल सरकारकै गतिविधि अनुसार पालना नहुने निश्चित छ। उप-प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री कमल थापाले प्रयास गरेको कूटनीतिक पहलहरुलाई तत्काल विश्वास गरी हाल्ने मोडल चीन छैन। थापामार्फत होइन आपूर्तिमन्त्री गणेशमान पुन समेत चीन पुगे तर कुनै पनि ठोस् पहलकदमि लिन सकेनन्। असोज ३० मा चीनबाट इन्धन ट्याउन दुई देशबीच सहमतिमा हस्ताक्षर भएको थियो। खै इन्धनः कस्ले रोक्यो? अहिले पनि राज्यका पृतिनिधिहरु रक्सौल नाकाबाट भित्रिने ट्याङ्गर सङ्या गनेर बसेका छन्। यहनिर गम्भीर शंका उत्पन्न भएको छ। आपूर्ति व्यवस्थापनको कुरा गरौं। यसका मन्त्री कहाँ, के गर्दै छन् थाहा छैन। कहिलेकाँही यति दिन भित्र यस्तो हुन्छ भनेर उनको प्रतिक्रिया अचबारामा पढेर थाहा हुन्छ। तर त्यस्तो दिन कहिल्यै आएन। कालोबजारीमाथि कम गर्ने सकेमा गरिब जनताको छाड सोकिने थिएन। भारतसँगका सबै नाका ठप्प त छैनन्, इन्धन आइरहेको पनि छ। दयाइरको मुहान कुसको मुखमा पुगेर भारिन्छ यसबारे राज्यको पुरोर भारिन्छ यसबारे राज्यको

दिल तिसानी मगर

सरकारको सय दिनको अवधि निर्के नकारात्मक बन्न पुग्यो यही नजिर र गतिमा पुनर्निर्माण सभ्बध देखिँदैन। ओली सरकारले राजनीतिक निकासलाई समेत डेडलकमा राखेको छ। मधेसमा उत्पन्न राजनीतिक समस्यालाई हल गर्न सरकार असफले हो।

मधेसबादी दलसंग देखिन लागेका सहमतिका उज्यारा झिल्काहरू 'नेपाली रोड्स्याप' हो इन, भारतको भूमिका अहस्रूपमा देखिन्छ। न चीनसँग सहयोगको अपिल गरेर हात अगाडि बढाउन सक्ने न भारतसँग निचोड निकाल्न सक्ने यस्तो किसिमको 'गिभ ऐण्ड टेक' राजनीति दीर्घकालीनरूपमा नेपालका लागि हितकर छैन। झ्क्रैन भन्दै स्वतः विदेशी हस्तक्षेपलाई मन्द आमन्त्रण गरेर ओली सरकारले नक्कली राष्ट्रवाद देखायो।

चाँडै राजनीतिक निकाश निस्केन भने मधेसमा विखण्डनकारी शक्ति हावी हुने मधेसवादी नेतादरुको पूर्वसूचना वा धम्कीलाई सकारात्मक चिन्तको रूपमा लिनु अपरिहार्य छ। तर दिनुहोस् हुने बातो निष्कर्षविहीन बाँगरेको छन्। प्रधानमन्त्री ओलीको काम कुरो एकातिर कुम्लो बोकी टिप्रि तिर भने झैं हाँसी मजाकमा रमाइलो मानिरहेका स्टेबिखन्छन्। उनको महारमा कुनै गाम्भीर्यता देखिदैन। देश अनिर्णयको बन्दी हुन सबैन।

संवेदनशील समयको सरकार म चलाउँछु भनेकालाई हास्न मनाही हुनपछ। उनलाई सल्लाह, सुझाव दिनेहरुले कस्तो खालको सुझाव दिएका छन् भन्नेबारे शंका छ। उनको अकल्पनीय स्वभाव हाउडे केटाको जस्तो देखिन्छ।

स्रोत : सेतोपाटी डटकम

ओली सरकारका चर्चित २५ प्रसंगहरु

काठमाडौं ५ माघ।

व्यवस्थापिका-संसदको ३ सय ३८ मत प्राप्त गरी असोज २४ गते एमाले अध्यक्ष केपी शर्मा ओली देशको २८औं प्रधानमन्त्री बने। उनको प्रधानमन्त्री पदारोहण निकै चुनौतिपूर्ण समयमा भएको थियो। संविधानसभाबाट जारी संविधानप्रति असहमति जनाउदै मधेसकेन्द्रित दल आन्दोलन गरिरहेका थिए। भारतले नाकाबन्दी गरेको थियो। सबैभन्दा ठूलो दल नेपाली कांग्रेस प्रतिपक्षमा गएको थियो।

मधेसको आन्दोलन अझै रोकिएको छैन, न त भारतको नाकाबन्दी नै। यही अस्तव्यस्त वातावरणमा ओली सरकारको मधुमास अवधि सकिएको छ। ओली सरकारको १०० दिने यात्राका २५ गतिविधि यस्ता देखिए:

१. ओलीको नेतृत्वमा सरकार गठन भएको दोस्रो दिन नै तुहुन उन्मुलन गर्ने निर्णय गरियो। प्रधानमन्त्री ओलीले भने, 'अब तुहुनको जमाना सकियो। देशभरका तुहुन झोलुंगे पुलले विस्थापित गर्छ।' उनको यो अभिव्यक्ति चर्चामा आयो। सय दिनसम्म आइपुग्ला उनले यस्ता धेरै चर्चित अभिव्यक्ति दिए।

२. सरकार गठन भएको एक साताभित्र पछि ३० असोजमा नाकाबन्दी खुलाउने पहलका लागि उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापा भारत गए। तर पनि भारतले नाकाबन्दी जारी राखिरहेछि उनी १४ मंसिरमा फेरि भारतको अनौपचारिक भ्रमणमा गए। त्यसले पनि केही परिणाम भने पाउन सकेन।

३. नाकाबन्दी खुलेपछि सरकारकै पालामा भएको थियो। तर सरकारले नाकाबन्दी भन्न सकेको थिएन। त्यस्तो बेला प्रधानमन्त्री भएर ओलीले युद्धको बेलासमेत रोक नलगाइने औंधी भारतले रोकेको अभिव्यक्ति दिए।

४. नाकाबन्दीले इन्धन अभाव भइरहेको बेला आपूर्तिमा भारतको एकाधिकार तोड्दै कात्तिक ११ गते कूल आवश्यकताको एक तिहाई पेट्रोलियम पदार्थ चीनबाट आपूर्ति गर्ने गरी पेट्रो चाइना कर्पोरेशन समभ्कदारीपत्रमा हस्ताक्षर (एमओयू) गरियो। तर तीन महिना बित्दा पनि आपूर्ति सम्भौता भने हुन सकेको छैन।

५. कात्तिक ९९ गते आयात-निर्यातका लागि सातवटा नाका खोल्ने लगायतका विषयमा नेपाल र चीन भन्सार विभागस्तरीय सम्झौता भयो। यसैबीचमा नेपाल र चीनबीच तेल, ग्यास र उर्जा व्यापारलगायत आठबुँदे सहमतिपत्रमा हस्ताक्षर भयो। पुसको पहिलो साता उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापा नेतृत्वको टोली चीन भ्रमणमा गयो।

६. सरकारले जनताको समस्यामाथि अझै चिम्लेको व्यापक प्रतिक्रिया आइरहेको बेला २९ कात्तिकमा प्रधानमन्त्री ओलीले राष्ट्रका नाममा सम्बोधन गरे। मंसिरको सुरुवातमै अर्थ मन्त्रालयद्वारा देशको वर्तमान आर्थिक अवस्था र नेपाल सरकारको तत्कालको कार्यदिशासम्बन्धी श्वेतपत्र जारी गर्यो। २४ मंसिरमा मन्त्रीपरिषद बैठकले सरकारको तत्काल सुधार कार्ययोजना पारित गर्यो।

७. संविधान संशोधन र पुनःनिर्माण विधेयक २९ मंसिरमा संसदा पेश भयो। भूकम्पबाट प्रभावित संरचना पुनःनिर्माण सम्बन्धी विधेयक व्यवस्थापिका संसदबाट १ पुसमा पारित भयो।

८. पुनःनिर्माण प्राधिकरण गठनसम्बन्धी ऐन निर्माण भएपछि १० पुसमा पुनःनिर्माण प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतमा सुशील ज्ञवाली नियुक्त गरियो र सदस्यहरूको टुंगो लगाइयो।

९. ५ पुसमा तीन महिनाको राजनीतिक संयन्त्र गठन गरी सीमाकन विवाद समाधान गर्ने मन्त्रीपरिषद् बैठकले निर्णय गर्‍यो। १०. १ कात्तिक, २३ कात्तिक र ९ पुसमा विस्तार गरेर मन्त्री परिषद् ४० जनाको बनाइयो। ६ उपप्रधानमन्त्री, २१ मन्त्री, १० राज्यमन्त्री र दुई सहायकमन्त्री बने। प्रधानमन्त्रीले मन्त्रिपरिषदको आकार बढाउनु बाध्यता भएको बताए। तर त्यसमा आपत्ति गर्नुपर्ने कुनै कारण नभएको भन्दै उनले भने, 'सांसदलाई मन्त्री बनाउँदा दुई हजार तलब बढ्ने त हो।'

११. विभिन्न साना पार्टीलाई पनि सरकारमा लैजाँदा मन्त्री परिषद् जम्बो त भयो नै, भागबण्डा मिलाउन मन्त्रालयहरू दुर्व्याइयो। सहरी विकास मन्त्रालय फुटाएर सहरी विकास र खानेपानी तथा सरसफाइ मन्त्रालय बनाइयो। कृषि विकास मन्त्रालय फुटाएर पशुविकास मन्त्रालय छुट्टै बनाइयो। विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट वातावरणलाई अलग्याइयो। वाणिज्य र आपूर्ति एउटै मन्त्रालय थियो, वाणिज्य र आपूर्ति छुट्टै बनाइयो।

१२. खानेपानी तथा सरसफाइ र शान्ति तथा पुनःनिर्माण मन्त्रालयमा विभागीय मन्त्री एउटा पाटीको र राज्य तथा सहायकमन्त्री बेग्लै पार्टीको राखेर नयाँ प्रयोग गरियो। भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीसमेत राखियो।

१३. १६ पुसमा प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीबीच टेलिफोन संवाद भयो। संवादपछि इतिहासमै पहिलोपटक नेपाली प्रधानमन्त्रीले भारतीय प्रधानमन्त्रीलाई धकाेरेको भन्ने चर्चा पनि चल्यो।

१४. १७ पुसमा १९३ वटा ऐनलाई संविधान अनुकूल बनाउन व्यवस्थापिका संसदा केही नेपाल ऐन लाई संशोधन गर्न बनेको विधेयक हर्ता गरियो।

१५. पुस २४ गते काठमाडौंमा आयोजित कार्यक्रममा प्रधानमन्त्रीले भने, 'अब ग्यासको बुलेट कहिले आउला भनेर हेर्ने दिन गए। अलिकति समय दिनुस्, सिलिन्डर युग अन्त्य गर्छु हरेक घरको चुलोमा ग्यासको पाइप जोडिदिन्छु।' उनले ग्यास नपाएर छट्पटिइरहेको बेला आएको उनको अभिव्यक्ति आधारहीन र हावादारी भएको भन्दै सामाजिक सञ्जाल र सञ्चार माध्यममा आलोचना गरियो।

१६. ओली सरकारको पालामा कालोबजारी झनै मौलायो। यस्तो बेला उपप्रधानमन्त्री कमल थापाले 'कालोबजारियाले सरकारलाई सहयोग गरेको' सार्वजनिक अभिव्यक्ति नै दिए।

१७ प्रधानमन्त्री ओलीले एक वर्षभित्र लोडसेडिङ हटाउने घोषणा दुई पटक गरे। तर बिद्युत प्राधिकरणले नै त्यसको सम्भावना नभएको बताइरहेको छ। लोडसेडिङ बढेर १५ घण्टा पुगेको छ। निर्माणाधीन जलविद्युत आयोजनाको काम रोकिएको छ।

१८. भूकम्प प्रभावितलाई चिसोबाट जोगाउन प्रतिपरिवार दश हजार वितरण गर्ने सरकारको निर्णय कार्यान्वयन भयो। ३० पुसमा नेपालस्थित कूटनीतिक निर्योगका प्रमुखहरूलाई नाकाबन्दीको असर र भूकम्प पीडितको अवस्थाबारे ब्रिफिङ गरियो।

१९. २२ कात्तिकमा राजधानीमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले भने, 'अर्को वर्षको तिहारसम्म देशलाई लोडसेडिङ मुक्त बनाइदिन्छु।'

२०. २७ मंसिरमा एमाले, काङ्रेस नवौं जिल्ला अधिवेशमा प्रधानमन्त्री ओलीले भने, 'हावाबाट बिजुली निकालेर देशलाई लोडसेडिङमुक्त बनाउँछु।'

२१. २४ पुसमा एमाले उपत्यकास्तरीय कार्यकर्ता भेलामा पुगेका प्रधानमन्त्री ओलीले अर्को चर्चामा आउने भाषण गरे, 'रेसलिङ ड्राइभरको फेर न समारात पारिदिन्छु। घर-घरमा चुल्ला-चुलामा ग्यास पाइप पुर्याइदिन्छु।'

२२. १७ पुसमा बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रधानमन्त्रीले आफ्नो लोडसेडिङ अन्त्यको प्रतिबद्धता दोहोर्याए, 'हावादारी गफ होइन, साँच्चै एक वर्षभित्र लोडसेडिङ अन्त्य गर्छु।'

२३. ललितपुरमा आयोजित निजामती सेवामा महिला विषयक अन्तर्राष्ट्रिय कार्यक्रममा बोल्दै २७ पुसमा प्रधानमन्त्रीले अर्को चर्चित भाषण गरे। उनले भने, 'यथार्थ कुरा बोल्नै नहुने, पचिकाले हावादारी भनिदिइहाल्छन्।'

२४. प्रधानमन्त्री ओलीले काठमाडौंमा रेल चलाउने अभिव्यक्ति पनि दिन भ्याए। माघ १ मा राजधानीमा आयोजित एक कार्यक्रममा उनले भने, 'काठमाडौंमा इलेक्ट्रिक रेल चल्छ। कहीं समयपछि म त्यसको सुरुवात गर्नेछु।'

२५. माघ १ गतेदेखि दिन अर्को कार्यक्रममा प्रधानमन्त्री ओलीले अर्को चर्चामा आउने अभिव्यक्ति दिए। उनले भने, 'अब फोहोरबाट ग्यास निकाल्छु।'

साभार : रातोपाटी डटकम

१४औं आहारारा गोल्डकपमा सहाराको सुखद् सुरुवात

हरि पल/गोल्डेन न्यूज
पोखरा ५ माघ ।

आर्यौजक सहारा क्लब पोखराले १४औं आहारारा गोल्डकपमा सुखद् शुरुवात गरेको छ । अघिल्लो वर्ष पोखरामै व्यहोरेको हारको बदला लिदै सहाराले नवजनजागृति क्लब सिमरालाई ३-० ले पराजित गऱ्यो । सहाराले गतवर्षको प्रतियोगितामा सिमरासँग टाईब्रेकरमा ४-३ को पराजय व्यहोरेको थियो । जितसँगै सहारा प्रतियोगिताको अन्तिम आठमा प्रवेश गरेको छ भने ९ गते हुने युनाइटेड सिक्किम एफसी भारतसँगको भेट पक्का गरेको छ ।

मंगलवार सम्पन्न उद्घाटन खेलको छैठौं मिनेटमा विदेशी खेलाडी एल्भिसको गोलबाट अग्रता लिएको थियो । एल्भिकले मिडफिल्ड बाटै एक्लैले बल लगेर गोल गरेका थिए । त्यस अवस्थामा नव जनजागृत क्लबका गोलरक्षकले गोल भएको पत्तै पाएनन् । सहाराका लागि ५२औं मिनेटमा जि मार्टिवेलले अर्को गोल थपे । उनले नवजनजागृत क्लबका ३ खेलाडीलाई छक्याउँदै सुन्दर गोल गरेका थिए ।

यस्तै खेलको ८२औं मिनेटमा कमल थापाले सहाराका लागि पुनः अर्को गोल थप्दै जितको आधार थप बलियो बनाए । तेस्रो गोल गर्ने कमल दोस्रो हाफको ३८ मिनेटमा मैदान प्रवेश गरेका थिए । उनले नवजनजागृत क्लबका गोलरक्षक रवि थापा गोलपोष्टबाट बिट मैसकेको अवस्थामा आकर्षक गोल गरेका थिए । यो सँगै खेलको ३१औं मिनेटमा सहाराको तर्फबाट भएको

तस्वीर सहयोग : दुर्गा पौडेल

१४औं आहारारा गोल्डकप फुटबल प्रतियोगिता-२०७२
आज उद्घाटन खेल
एपीएफ क्लब
Vs
इण्डियन आर्मी गोर्खा ब्रिगेड
स्थान : पोखरा रंगशाला

RARA
रारा तेराई चाउचाउ

१ गोलसहित अफसाइड भएको भन्दै रेफ्रीले दिएनन् भने सहाराले पोल गर्ने अन्य धेरै अवसर खेर फाल्यो । खेलको ११औं मिनेटमा सहाराका शिव सुवेदीले डिएगिया नजिकैबाट गरेको केडा प्रहार नव जनजागृतिका गोलरक्षक थापाले मुस्किलले बचाउ गरे भने १३औं मिनेटमा शिव श्रेष्ठले पोष्ट नजिकैबाट गरेको प्रहारले पनि गोलको दिशा दिन सकेन । खेलको १७औं मिनेटमा म्यान अफ दी म्याच समेत घोषित सहाराका एल्भिकले गरेको सशक्त प्रहारलाई पनि जनजागृतिका गोलरक्षक थापाले विफल तुल्याए ।

यता, नव जनजागृति क्लब मिरासे पनि गोल गर्ने संघर्ष गरेको होइन । नव जनजागृतिका तर्फबाट भएका २ गोल अफसाइड हुन पुग्यो । खेलको ६२औं मिनेटमा अबाले गरेको प्रहार गोलपोष्टको माथिल्लो बारमा लागेर बाहिरियो भने ६४औं मिनेटमा डिएगिया नजिकैबाट सुस्न लामाले गरेको सशक्त प्रहारलाई सहाराका गोलरक्षक विनय श्रेष्ठले मुस्किलले बचाउ गरे । खेलको चौथो, १६औं

र १९औं मिनेटमा रमेश घिमिङ र मनिष घलेको प्रयासलाई सहाराका गोलरक्षक श्रेष्ठले नै विफल पारे भने ३३औं मिनेटमा अबाले गरेको प्रहार पनि गोल्डपोष्टको घोरै माथिबाट बाहिरियो । यस्तै खेलको ७०औं मिनेटमा अबाले नै हानेको फ्रिकिक पनि गोल हुन नसकेपछि नवजनजागृति क्लब सिमरा प्रतियोगिताबाट बाहिरिन पुग्यो ।

खेल समापन पछि प्रतिक्रिया दिदै सहाराका टीमकोच किरण श्रेष्ठले आफ्ना खेलाडीले सोचेअनुरुप नै खेलेको बताए । टीमलाई दबाव हुनु स्वभाविक भएकाले खेलाडी केही नर्भस भएर खेलेको स्पष्ट पारे । कमिकमजोरी पनि धेरै छन्, त्यसलाई आगामी खेलमा सुधार गरेर अघि बढ्ने उनले स्पष्ट पारे । यस्तै नवजनजागृति का टीमकोच उमेश श्रेष्ठले खेलाडीले गर्दो खेलको भरपर्ने भाग्यले साथ नदिएको बताए । उनले आफ्नो टीमबाट भएका २ गोललाई अफसाइड दिनु र एक पटक बारमा लागेर फर्किनुनै आफूहरुको दुर्भाग्य भएको बताए । प्रतियोगिता अन्तर्गत बुधबार सशस्त्र प्रहरी बलको एपिएफ क्लब र इण्डियन आर्मी गोर्खा ब्रिगेड टीम बीच प्रतिस्पर्धा हुनेछ ।

त्यस अवसरमा प्रतियोगिताको उद्घाटन गर्दै राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव केशव बहादुर विष्टले आगामी साफ गेमको उद्घाटन पोखरामै गर्ने आफ्ले पहल थाल्ने बताए । उनले खेलपति लगाव राख्ने पोखराबासी जति अन्य स्थानका जनता नभएको दावी गर्दै साफ गेमको तयारी गर्न पोखराका खेलकुद संस्थाहरुलाई निर्देशन दिए । पोखरामा अन्तर्राष्ट्रिय खेलमैदान बनाउन सकिने आधार धेरै भएकाले पोखराको खेल विकासमा आगामी दिनमा महत्वपूर्ण बजेट छुट्याइने बताए ।

सभासद यज्ञबहादुर थापाले गत वैशाख १२ गते नेपालमा आएको विनाशकारी भूकम्पले पोखरा रंगशालामा पनि क्षति पुर्‍याएको बताउँदै यसको पुनर्निर्माण गर्नुपर्ने आवश्यक्ता औल्याए । उनले सुन्दर नगरी पोखरामा रहेको रंगशालालाई अन्तर्राष्ट्रियस्तरको बनाउनुपर्ने बताउँदै त्यसका लागि सबै दल र कार्यकी सभासद एकजुट भएर सरकारलाई दबाव दिनुपर्ने बताए । क्लबका अध्यक्ष वीरभद्र आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख पहुनमा विदेशक प्रकाश केसी, क्लबका वरिष्ठ उपाध्यक्ष एवं प्रतियोगिता संयोजक केशवबहादुर थापा, महासचिव केशवराज बरालले पनि बोलेका थिए ।

कार्यक्रममा पूर्व फुटबल खेलाडी क्याप्टेन गणेश गुरुङलाई सम्मान गरिएको छ । फुटबल खेलकुदको विकासमा लामो समयदेखि लाग्दै आएको भन्दै क्याप्टेन गुरुङलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव केशव विष्टले सम्मानपत्रद्वारा सम्मान गरेका थिए । कार्यक्रममा सहारा क्लबलाई जिसी इलेक्ट्रिकल्सका संचालक प्रेमबहादुर जिसीले १ लाख १ हजार र मनकामना केबलकार दर्शन प्रालि पोखरा निर्देशक बुद्ध गुरुङले २१ हजार ५१ रुपैयाँ सहयोग गरेका थिए ।

माउण्ट अन्नपूर्ण च्याम्पियन

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ माघ ।

उच्च माध्यमिक विद्यालय संघ (हिसान) कास्कीको आयोजनामा पोखरा रंगशालामा भएको नवौं हिसान स्पोर्टस मिट-२०७२ मा माउण्ट अन्नपूर्ण उच्च माध्यमिक विद्यालय च्याम्पियन बनेको छ दुई गते शनिवारदेखि सुरू भएर मङ्सिरलबार सकिएको स्पोर्टस मिटमा भएका सबैवटा खेलमा १७ अङ्क जोड्दै अन्नपूर्ण उमावि च्याम्पियन बनेको हो। एएको वर्ष च्याम्पियन बनेको पोखरा उच्च मावि १२ अङ्का साथ यसपटक द्वितीय भएको छ भने कास्की मोडनाइड्स १० अङ्क ल्याएरतृतीय बनेको छ। उच्च माध्यमिक शिक्षा परिषदका प्रमुख चैतन्यप्रसाद शर्माले विजयी विद्यालयलाई शिल्ड प्रदान गरे। स्पोर्टस मिटमा छात्रछात्रा भलिवल प्रतियोगिता, छात्रछात्रा वास्केटबल प्रतियोगिता र टेबुलटेनिसमा छात्रछात्रा एकल तथा जोडी प्रतियोगिता भएको स्पोर्टस मिट संयोजक रमाकान्त बरालले जानकारी दिए। आइतबार भएको छात्र भलिवलको फाइनलमा पोखरा उमाविले कास्की मोडनाइड्स उच्च माविलाई २५-१२, २५-१३ र २५-१४ को सोझो सेटमा पराजित गऱ्यो। पोखरा मल्टिमोडलले तेस्रो स्थान जितेको छ।

यसैगरी, छात्रा भलिवल प्रतियोगिताको स्पाइरल ग्यालेक्सी उच्च माविले उपाधि जितेको छ। स्पाइरल ग्यालेक्सीले माउन्ट अन्नपूर्ण उच्च माविलाई २५-१६, २५-१४ र २५-१८ को सोझो सेटमा पराजित गरेको हो। छात्रतर्फ पोखरा उच्च माविका प्रेम परियार छात्रातर्फ स्पाइरल ग्यालेक्सीकी कुसुम पुन उत्कृष्ट खेलाडी घोषित भएको भलिवल खेल संयोजक दिवाकर जैसीले जानकारी दिए।

टेबुलटेनिस एकल छात्रातर्फ माउन्ट अन्नपूर्ण उच्च माविका अनुस कुँवर, लक्ष्मी एकेडेमीका सुमेश लामा क्रमशः प्रथम र द्वितीय भए। यसैगरी, लक्ष्मी एकेडेमीका सन्देश पन्त र रुवीवल कलिजियटका सुशान्त काकी तेंतीय भएका छन्। जोडीतर्फ लक्ष्मी एकेडेमीका सुमेश लामा र सन्देश पन्त प्रथम, पोखरा उच्च माविका अनिस कुँवर र अमृत पौडेल द्वितीय भएका छन्। स्टेप वाई स्टेपका निशान लामिछाने र सुमन पौडेल तथा स्लोवल कलिजियटका अनिल पौडेल र सन्देश पन्तको जोडी सान्त्वना भएको जिल्ला टेबुल टेनिस संघका उत्तम जोशीले जानकारी दिए।

बास्केटबलतर्फ, माउन्ट अन्नपूर्ण कलेजले जितेको छ। माउन्ट अन्नपूर्ण कलेजले माउन्ट अन्नपूर्ण उच्च माविलाई ७०-४० को अन्तरमा पराजित गरेको हो। यसैगरी पोखरा उच्च माविले पोखरा माल्टिमोडललाई पराजित गर्दै तेस्रो भएको छ। छात्रतर्फ स्लोवल उच्च माविले सगरमाथा उच्च माविलाई पराजित गर्दै प्रथम भएको छ भने माउन्ट अन्नपूर्ण उच्च माविले कास्की मोडनाइड्स उच्च माविलाई पराजित गर्दै तेस्रो भएको बास्केटबल संयोजक राजु कायस्थले जानकारी दिए।

स्पोर्टस मिटमा कास्कीका निजी क्षेत्रबाट सञ्चालित उच्च माविहरुका कक्षा ११ र १२ मा अध्ययनरत एक हजार आठ सय विद्यार्थी सहभागी रहेको हिसान कास्कीका अध्यक्ष बाबुराम पन्तले बताए। २०६७ सालमा उच्च मावि संघ हुँदै २०६४ सालमा गठन भएको हिसान कास्कीमा निजी क्षेत्रबाट सञ्चालित ४६ उच्च मावि आबद्ध रहेको पन्तले जानकारी दिए।

मिस एण्ड मिष्टर पर्फेक्ट उपाधि रसिला र विरेन्द्रलाई

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ माघ ।

मेथेन हर्ट इन्टरटेन्मेन्ट प्रालि पोखराले आयोजना गरेको मिष्टर एण्ड मिस पर्फेक्ट-२०१६ सम्पन्न भएको छ । प्रतियोगितामा सहभागीहरु मध्ये मिस पर्फेक्टको उपाधि रसिला तामाङले प्राप्त गरेकी थिइन । यसैगरी फष्ट रनरअपको उपाधि निश्चलता भट्टचन र सेकेण्ड रनरअपको उपाधि श्वेता विकलै जितिन । फष्ट रनरअप बनेकी भट्टचन समरगाथा उच्च माविमा व्यवस्थापन संकायमा अध्ययरत छन् ।

यसैगरी मिष्टर पर्फेक्टको उपाधि विरेन्द्र रोकाले जिते भने राहुल श्रेष्ठ, प्रविण पुन र विवेक थापा क्रमशः फष्ट, सेकेण्ड र थर्ड रनरअप बने । प्रतियोगितामा उपाधि प्राप्त गरेका रसिला र

विरेन्द्रलाई जनही नगद १० हजार रुपैयाँ र म्यूजिक भिडियोमा खेल्ने अवसर दिइने आयोजकले जनाएको छ । अन्य विजेतालाई विभिन्न इभेन्टमा मोडलिङको अवसर दिइने बताइन्छ ।

प्रतियोगिताको निर्णायकमा विशाल गुरुङ, अमित बराल र शंकर थापा रहेका थिए भने प्रमुख अतिथि पोखराका व्यवसायी केदारनाथ भट्टराई रहेका थिए । त्यसै अवसरमा पोखरा क्याप्टिपालेर्सकी संचालक चित्रा गुरुङलाई सौन्दर्यकर्मी सम्मानद्वारा सम्मानित गरिएको आयोजक संस्थाका प्रवन्ध निर्देशक लक्ष्मण छन्त्यालले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । प्रतियोगिताको मुख्य प्रायोजक चिनारी थकाली भान्छाघर रहेको थियो ।

पोखरा महोत्सवमा जारी,डेढ करोडको कारोवार

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ माघ ।

पोखराको अमरसिंह चौरमा जारी छैठौं पोखरा महोत्सवमा कारोवारमा उल्लेख्य वृद्धि भएको छ । महोत्सवमा राखिएका स्टलहरुमा विषेशगरी जाडोका सामाग्रीहरुको बिक्री उल्लेख्य मात्रामा बढेको आयोजकले जनाएको छ । महोत्सवको छैठौं दिन मंगलवार १५ हजार दर्शकले अवलोकन गरेका छन भने १ करोड ५० लाखको कारोवार भएको छ । देशमा नाकाबन्दी जस्तो विषम परिस्थितिमा पनि दर्शकहरुको उल्लेखनीय सहभागिता जनाएरहेका छन् । महोत्सवमा सहभागी दर्शकहरुपति महोत्सवका प्रचार प्रसार संयोजक लालकाजी गुरुङले आभार प्रकट गरेका छन् । त्यस्तै महोत्सवमा विषेशगरी जाडो याममा प्रयोग हुने सामाग्रीहरुको बिक्री बढेकाले महोत्सवमा दिन प्रतिदिन कारोवार वृद्धि भएको अर्थ तथा स्टल उप-समितिका संयोजक राजु श्रेष्ठले बताए ।

महोत्सवमा मंगलवार लोकदोहोरी तर्फ राधिका हमाल, प्रजापति पराजुली, चोलेन्द्र पौडेल, शिवहरी ढुंगाना, जीवन दाहाल, कृष्ण सुवेदी, ज्योती लोहोनी, माया कैसी, दिल कुमारी मोक्तान लगायतले लोकदोहोरी मार्फत मनोरञ्जन प्रदान गरेका थिए । महोत्सवको सातौं दिन बुधबार

लोकदोहोरीतर्फ पशुपति शर्मा, चोलेन्द्र पौडेल, सीता केसी, रामजी पौडेल, जीवन दाहाल, मञ्जु विक, जय कुमार परियार, पोखरेली धुर्मुस र मान्जेबुढाको हास्यव्यङ्ग्य प्रहसनका साथै लाइभ पप तर्फ निमा रुम्बा एण्ड द लिजेन्टको प्रस्तुति रहने कलाकार व्यवस्थापन संयोजक लोक बहादुर थापाले जानकारी दिए ।

माघ १० गतेसम्म सञ्चालन हुने महोत्सवमा विभिन्न जातजातिका कला संस्कृतिको प्रदर्शनी, औद्योगिक उत्पादनको प्रदर्शनी एवं बिक्री, हस्तकला सामानहरुको प्रदर्शनी एवं बिक्री, सुचना प्रविधिहरुको प्रदर्शनी एवं जानकारी, व्यवसायिक संघ संस्थाहरुको सेवा बारे जानकारी, स्थानिय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उपभोग्य वस्तुहरुको प्रदर्शनी तथा उचित मूल्यमा बिक्री वितरण, पर्यटन प्रवर्द्धनका सामाग्रीहरुको प्रदर्शनी एवं जानकारी, पोखरा लगायत विभिन्न पर्यटकीय स्थलहरुको जानकारी, सामाजिक संस्थाहरुको परिचय एवं जानकारी गराइरहेको महोत्सवका संचिवालय व्यवस्थापक शुकबहादुर गुरुङले जानकारी दिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ नेगाहर्ज सुन्न Log on : www.goldennews.com.np

१७ वर्षपछि नेपाल फाइनलमा

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ माघ ।

नवयुग श्रेष्ठको हयाट्रिकको मदतमा माल्दिभ्सविरुद्ध शानदार जित हात पार्दै नेपाल बंगबन्धु कप फुटबलको फाइनलमा पुगेको छ । मंगलवार भएको खेलमा नेपालले माल्दिभ्समाथि ४-१ गोल अन्तरको जित हात पारेको हो । माल्दिभ्स विरुद्ध नेपालले सन् १९९९ पछि पहिलो पटक जित हात पारेको हो । ढाकामा भएको खेलमा नेपालले ३१ औं मिनेटमा नवयुग श्रेष्ठको गोलबाट अग्रता लिएको थियो । विमल घर्तीं मगरको प्रहार बारमा लागेर फर्किएको बलमा नवयुगले गोल गरेका हुन् । उनको यो पहिलो अन्तर्राष्ट्रिय गोल सम्पत हो ।

पहिलो हाफको अन्तिममातिर गोलरक्षक विकेश कुर्पले उत्कृष्ट बचाउ गर्दै नेपालको अग्रता कायमै राखे । दोस्रो हाफमा नेपालले आफ्नो शानदार प्रदर्शन कायमै राख्यो । ५३ औं मिनेटमा विशाल राईले गोल गर्दै नेपालालाई २-० को अग्रता दिलाए । नेपालका लागि नवयुग श्रेष्ठले ६२ औं मिनेट र इन्जुरी समयमा गोल गर्दै हयाट्रिक पुरा गरे । माल्दिभ्सले खेलको ७५ औं मिनेटमा एक गोल गरेको थियो।

नेपालका लागि हयाट्रिक गर्ने नवयुग पाँचौं खेलाडी भएका छन् ।

कृषि विकास बैंकमा रक्तदान

गोल्डेन न्यूज संवाददाता
पोखरा ५ माघ ।

कृषि विकास बैङ्क लिमिटेडको ४९ औं वार्षिक उत्सवको अवसरमा पोखरामा विहीवार खुल्ला रक्तदान कार्यक्रम आयोजना गरिने भएको छ । कृषि विकास बैङ्क कर्मचारी संघ क्षेत्रीय कार्यालय पोखरले माघ ७ गते उक्त कार्यक्रम आयोजना गर्न लागेको हो ।

रक्तदान बैङ्कको क्षेत्रीय कार्यालय नयाँबजारमा हुने आयोजक संस्थाका अध्यक्ष टेकराज तिमिल्सिनाले जानकारी दिएका छन् । छना रक्तदान जीवनदान, जीवनदान महादान भन्ने नाराका साथ आयोजना हुने उक्त कार्यक्रममा उपस्थित धेरए रक्तदान गर्न वैङ्कले आफ्ना सेवाग्राही लगायत सबैमा अनुरोध गरेको छ । वित्तीय सेवासँगै वैङ्कले आफ्नो सामाजिक सेवा र उत्तरदायित्व अन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरिएको वैङ्कले जानकारी दिएको छ । कार्यक्रमलाई सफल पार्न कर्मचारीहरुका तर्फबाट सबै सहयोग गर्ने सोती वैंकका कर्मचारी सन्तोष थापाले बताएका छन् ।

छैठौं पोखरा महोत्सव २०७२
(पौष ३० गतेदेखि माघ-१० गतेसम्म)
स्थान: अमरसिंह उच्च मा.वि.को विशाल खेल मैदान
आजको आकर्षणहरू
लोकदोहोरी तर्फ : पशुपति शर्मा, चोलेन्द्र पौडेल, सीता केसी, रामजी पौडेल, जीवन दाहाल, मञ्जु वि.क., जय कुमार परियार, पोखरेली धुर्मुस र मान्जेबुढाको हास्य-व्यङ्ग्य प्रहसनका साथै लाइभ पप तर्फ निमा रुम्बा एण्ड द लिजेन्टको प्रस्तुति र पप ब्याण्ड ।
आयोजक: युनाईटेड क्लब पोखरा
मुख्य प्रायोजक: सागमिल्क सिमेन्ट
प्रवर्द्धक: नेपाल पर्यटन बोर्ड
प्रायोजकहरू: मिडिया पार्टनर: प्रविधि सहयोगी: सहयोगी संस्था:

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक सीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५३२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा